# चौतारा साँगाचोकगढी नगरपालिकाको विनियोजन ऐन, २०७६

चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक बर्ष ०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषबाट केहि रकमा खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा ब्यवस्था गर्न बनेको ऐन

**नगर सभाबाट स्वीकृत मिति २०७६/०३/१०**

प्रस्तावना : चौतारा साँगाचोकगढी नगरपालिकाको आर्थिक बर्ष ०७६/०७७ को सेवा र कार्यहरुको लागि संचित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बान्छनिय भएकोले नेपालको संविधान २०७२ को धारा २२९ को उपधारा (२) बमोजिम चौतारा साँगाचोकगढी नगरपालिकाको नगर सभाले यो ऐन वनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नमा "चौतारा साँगाचोकगढी नगरपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :**

(क) "नगर सभा" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ।

(ख) "कार्य पालिका" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "वडा समिति" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको वडा समितिलाई सम्झनु पर्दछ।

(घ) "विषयगत शाखा" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका अन्तर्गतको बिषयगत शाखाहरु सम्झनु पर्दछ।

(ङ) "सञ्चित कोष" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको सञ्चितकोषलाई सम्झनु पर्दछ।

**३. आर्थिक बर्ष ०७५/०७६ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आथिक बर्ष ०७६/०७७ को निमित्त नगर कार्यपालिकाको कार्यालय, वडा समिति, बिषयगत शाखाहरुले गर्ने सेवा र कर्यक्रमका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजिगत खर्च र वित्तीय ब्यवस्थाको रकम समेत गरि जम्मा रकम रु.**१,२३८,७१५,०००** मा नवढाई निर्दिष्ट गरिएबमोजिम संचित कोषबाट खर्च गर्न सकिने छ।

**४. बिनियोजन :**

(१) यस ऐन द्धारा संचितकोषबाट खर्च गर्न अधिकार दिईएको रकम आर्थिक बर्ष ०७६/०७७ को निमित्त चौतारा साँगाचोकगढी नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजना गरिने छ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखएको भएता पनि कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचतहुने कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले वचत हुने शिर्षकबाट नपुगहुने शिर्षकमा रकम रकमान्तर गर्न सक्नेछ। यसरी रकमान्तर गर्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २० प्रतिशतमा नवढने गरि कुनै एक वा एक भन्दा वढि शिर्षकहरुबाट अर्को एक वा एक भन्दा वढि शिर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने छ। पूँजिगत खर्च र वित्तय ब्यवस्था तर्फ विनियोजित रकमा साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शिर्षकमा वाहेक अन्य चालु खर्च शिर्षक तर्फ रकमान्तर गर्न र वित्तीय ब्यवस्था अन्तर्गत सावा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र रकमान्तर गर्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय ब्यवस्थाको खर्च ब्यहोर्ने एक श्रोतबाट अर्को श्रोतमा रकमान्तर गर्न सकिने छ।

(३) उपदफा (२) मा जनुसुके कुरा लेखिएको भएतापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढने गरि कुनै एक वा एक भन्दा बढि शिर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्ने छ।

अनुसूची - १

(दफा २ संग सम्वन्धित)

**नेपालको संविधान २०७२ को धारा २२९ (२) बमोजिम**

**संञ्चितकोषबाट विनियोजन हुने रकम**

चौतारा सँगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक

आ.व. २०७६/०७७ को वार्षिक व्यय अनुमान

| क्र.सं. | कार्यक्रम | आ.व. २०७६/०७७ को अनुमानित बजेट | | खर्च ब्यहोर्ने श्रोत |
|---|---|---|---|---|
| लक्षित बर्ग तर्फको कार्यक्रम | | १३,०००,००० | | |
| क | महिला | | ५,०००,००० | |
| ख | बालबालिका | | २,०००,००० | |
| ग | जेष्ठ नागरीक | | ५००,००० | |
| घ | जनजाती | | २,०००,००० | |
| ङ | दलित | | २,०००,००० | |
| च | अपाङ्ग | | १,०००,००० | |
| छ | अल्पसंख्यक समुदाय लक्षित कार्यक्रम | | ५००,००० | |
| वन तथा वातवरण तर्फको कार्यक्रम | | ६,०००,००० | ६,०००,००० | |
| नविकरणीय उर्जा तर्फ | | ४,२००,००० | | |
| १ | एक टोल एक सोलार बत्ति जडान | | १,७००,००० | |
| २ | वडा कार्यालयहरुमा सोलार तथा इन्भर्टर सिस्टम जडान | | २,५००,००० | |
| कृषि क्षेत्र तर्फ | | १०,०००,००० | १०,०००,००० | |
| पशु सेवा तर्फ | | १०,०००,००० | १०,०००,००० | |
| घरेलु तथा लघुउद्यम | | १,५००,००० | १,५००,००० | |
| पर्यटन | | ४,०००,००० | ४,०००,००० | |
| गुम्वा, मठ मन्दिर तथा पुरातात्विक संम्पदा संरक्षण | | ३,०००,००० | ३,०००,००० | |
| युवा तथा खेलकुद विकास | | ३,०००,००० | ३,०००,००० | |
| सहकारी | | २,०००,००० | २,०००,००० | |
| शिक्षा क्षेत्र | | १८,०००,००० | | |
| स्वास्थ्य क्षेत्र | | ७,०००,००० | ७,०००,००० | |
| आर्युवेद | | ४००,००० | ४००,००० | |
| खानेपानी | | ३,५००,००० | ३,५००,००० | |
| सिंचाई | | ३,०००,००० | ३,०००,००० | |
| विद्युत्त | | १,५००,००० | १,५००,००० | |
| भवन निमार्ण | | - | | |
| १ | नगरपालिका भवन निमार्ण | ४०,०००,००० | ४०,०००,००० | जिसस अनुदान २ करोड, आन्तरीक आय २ करोड |
| २ | वडा कार्यालय भवन निमार्ण (वडा नं. २, ३, ८, १०, ११, १३ र १४) | ४२,०००,००० | | जिसस अनुदान ९० लाख, आन्तरीक आय २ करोड ७० |

| क्र.सं. | कार्यक्रम | आ.व. २०७६/०७७ को अनुमानित बजेट | | खर्च ब्यहोर्ने श्रोत |
|---|---|---|---|---|
| | | | | लाख |
| २.१ | २ नं. वडा कार्यालय भवन निमार्ण | | ६,०००,००० | आन्तरीक श्रोत |
| २.२ | ३ नं. वडा कार्यालय भवन निमार्ण | | ६,०००,००० | जिसस अनुदान ३० लाख, आन्तरीक आय ३० लाख |
| २.३ | ९ नं. वडा कार्यालय भवन निमार्ण | | ६,०००,००० | |
| २.४ | १० नं. वडा कार्यालय भवन निमार्ण | | ६,०००,००० | जिसस अनुदान ३० लाख, आन्तरीक आय ३० लाख |
| २.५ | ११ नं. वडा कार्यालय भवन निमार्ण | | ६,०००,००० | जिसस अनुदान ३० लाख, आन्तरीक आय ३० लाख |
| २.६ | १३ नं. वडा कार्यालय भवन निमार्ण | | ६,०००,००० | आन्तरीक श्रोत |
| २.७ | १४ नं. वडा कार्यालय भवन निमार्ण | | ६,०००,००० | आन्तरीक श्रोत |
| **सुनकोशी, ईन्द्रावती नदी तथा सडक प्रभावित क्षेत्र कार्यक्रम** | | **१३,०००,०००** | **१३,०००,०००** | |
| **नगर स्तरिय गौरवको योजना** | | **३०,०००,०००** | **३०,०००,०००** | |
| **मेयर नमूना पुर्वाधार बिकास कार्यक्रम** | | **२८,०००,०००** | **२८,०००,०००** | |
| **सडक मर्मत संभार कोष** | | **२,५००,०००** | **२,५००,०००** | |
| **वडास्तरीय कार्यक्रम (१४ वडालाई बराबर)** | | **२१०,०००,०००** | **२१०,०००,०००** | |
| **नगर स्तरीय बिबिध योजनाहरु** | | **२०,०००,०००** | **२०,०००,०००** | |
| **सुचना संञ्चार तथा विद्युतिय शासन** | | **३,५८०,०००** | | |
| **शुसासन प्रवर्धन तथा प्राबिधिक अध्यायन अनुसन्धान** | | **९,५००,०००** | | |
| १ | नगर स्तरीय सडक गुरुयोजना निर्माण | | १,५००,००० | |
| २ | योजनाहरुको डि.पी.आर. | | ६,५००,००० | |
| ३ | ऐन नियम र्तजुमा तथा राजपत्र प्रकाशन | | ५००,००० | |
| ५ | नगर स्तरीय बिभिन्न प्रकाशनहरु | | ५००,००० | |
| ६ | कर्मचारी तथा जन प्रतिनिधि क्षमता बिकास तालिम | | ५००,००० | |
| **राजश्व प्रसाशन सुधार कार्यक्रम** | | **१,०००,०००** | | |
| १ | राजश्व सम्वन्धि अन्तरकृया तथा तालिम | | २००,००० | |
| २ | राजश्व दररेटको पुस्तिका तथा ब्रोसियर प्रकाशन | | २००,००० | |
| ३ | वडा स्तरमा सेवाग्राहीहरु संग राजश्व सम्वन्धि अन्तरकृया कार्यक्रम | | ३००,००० | |
| ४ | अन्य नगरपालिकामा राजश्व सम्वन्धि अनुभव आदान प्रदान कार्यक्रम | | ३००,००० | |
| **भुमी व्यवस्थापन** | | **५००,०००** | | |
| १ | भु-उपयोग नीति तयारगर्ने भुमीको जोखीम तथा अवस्था पहिचन गर्ने | | २००,००० | |
| २ | नगर भित्रका सर्वाजनिक जग्गाको अभिलेखीकरण तथा संरक्षण | | २००,००० | |
| ३ | नगरपालिका भित्रको सार्वजनिक जग्गाहरुको | | १००,००० | |

| क्र.सं. | कार्यक्रम | आ.व. २०७६/०७७ को अनुमानित बजेट | | खर्च ब्यहोर्ने श्रोत |
|---|---|---|---|---|
| | विवरण पुस्तक प्रकाशन | | | |
| **सहिद स्मृती कार्यक्रम** | | **२,०००,०००** | | |
| १ | सहिद परीवार छात्रवृत्ति | | ३००,००० | |
| २ | सहिद परीवार आय आर्जन | | ५००,००० | |
| ३ | शहिद स्मारक पार्क तथा प्रतिक्षलय कुबिण्डे | | ४००,००० | |
| ४ | सप्तरिषी शहिद स्मारक पार्क साँगाचोक | | ४००,००० | |
| ५ | नसिंङडाँडा शहिद स्मृति पार्क | | ४००,००० | |
| **संस्थागत सहयोग कार्यक्रम (कार्यविधि बनाई सहयोग गर्ने)** | | **१,२००,०००** | **१,२००,०००** | |
| **सूचना तथा सञ्चार कार्यक्रम** | | **१,३००,०००** | | |
| १ | स्थानीय एफ.एम.रेडियो तथा पत्र पत्रिका मार्फत नगर गतिविधीको उत्पादन तथा प्रसारण | | ६००,००० | |
| २ | नेपाल पत्रकार महासंघ जिल्ला शाखा, सिन्धुपाल्चोक (अनुदान सहयोग) | | २००,००० | |
| ३ | लोक कल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारण | | ५००,००० | |
| **स्थानीय कला र संस्कृती संरक्षण** | | **१,२००,०००** | | |
| १ | भाषा, साहित्य, कलाको प्रर्वधन | | ४००,००० | |
| २ | परम्परागत लोक संस्कृतीको प्रर्वधन | | २००,००० | |
| ३ | चौतारा पुरानो वजारको भिमसेनको परम्परागत अगुवा पुजा | | १००,००० | |
| ४ | गौरति भिमेश्वर जात्रा ब्यवस्थापन | | १००,००० | |
| ५ | न्युदःपर्व | | १००,००० | |
| ६ | लोह्सार | | २००,००० | |
| ७ | अन्य स्थानीय जात्रा तथा पर्वहरुको ब्वस्थापन | | १००,००० | |
| **बैदेशीक सम्वन्ध** | | **१,०००,०००** | | |
| १ | बैदेशिक सहयोग तथा भगिनी सम्वन्ध विस्तार | | २००,००० | |
| २ | बैदेशिक सहयोगको क्षेत्र पहिचान तथा अध्ययन कार्यक्रम | | २००,००० | |
| ३ | बैदेशिक अध्ययन भ्रमण तथा अनुभव आदान प्रदान | | ६००,००० | |
| **न्यायीक समिति** | | **१,५००,०००** | | |
| १ | न्यायिक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवद्धि तालिम | | ३००,००० | |
| २ | निशुल्क कानुनी सहयोग | | १२०,००० | |
| ३ | कानुनी घुम्ती शिविर, देवानी तथा फौजदारी संहिताको प्रशिक्षण | | ३८०,००० | |
| ४ | मेल मिलापकर्ता सहजिकरण खर्च | | २००,००० | |
| ५ | ईजलास कक्ष निर्माण | | ५००,००० | |
| **लागत सहभागिता (स्थानीय संघ संस्था तथा उपभोक्ता समिति संग)** | | **२०,०००,०००** | **२०,०००,०००** | |
| **नगर स्तरीय योजनाहरु** | | **२०,०००,०००** | | |

| क्र.सं. | कार्यक्रम | आ.व. २०७६/०७७ को अनुमानित बजेट | | खर्च ब्यहोर्ने श्रोत |
|---|---|---|---|---|
| १ | चौतारा दारेगौँडा पानीट्याँङ्की पदमार्ग र भ्यू टावर निर्माण | | १०,०००,००० | |
| २ | पात्लेपानी गेटदेखि गौंरती मन्दिरसम्मको सडक ढलान तथा कालोपत्रे | | १०,०००,००० | |
| **नगर स्तरीय संघसंग समपुरक लागत साझेदारीका योजनाहरु** | | **४०,०००,०००** | | |
| १ | चिहानडाँडा - सिम्पानी - ठकुरी मोड - बलेफी सडक (वडा नं.४) | | १०,०००,००० | **प्रत्येक सडकको लागि संघबाट ५० लाख र आन्तरिक स्रोतबाट ५० लाख** |
| २ | वडा नं.१२ को सडक | | १०,०००,००० | |
| ३ | मेलचौर - कल्लेरी - आरुबोटे सडक (वडा नं. ७) | | १०,०००,००० | |
| ४ | कुविण्डेखोला - किटिनी - गैरीगाउँ सडक (वडा नं. ३) | | १०,०००,००० | |
| **नगर स्तरीय प्रदेशसंग समपुरक लागत साझेदारीका योजनाहरु** | | **४०,०००,०००** | | |
| १ | नौबिसे - शेरा सडक (वडा नं. २) | | १०,०००,००० | **प्रत्येक सडकको लागि प्रदेशबाट ५० लाख र आन्तरिक स्रोतबाट ५० लाख** |
| २ | जल्किनी - कार्कीटार - सुकुटे  सडक (वडा नं. १०) | | १०,०००,००० | |
| ३ | नर्सरी - जनविकास सडक  (वडा नं.११) | | १०,०००,००० | |
| ४ | भैंसे - मेलचौर सडक (वडा नं.७, ८ र ९) | | १०,०००,००० | |
| **चौतारा नयाँ वसपार्क देखी पुराने वसपार्क र गौरती गेट देखि गौरती मन्दिर सम्मको सडक (आ.व.०७५/०७६ को स्वीकृत योजना)** | | **२०,०००,०००** | **२०,०००,०००** | **नगर बाट १ करोड र प्रदेश सरकार बाट १ करोड** |
| **दातृसंस्था, गैसससंग (म्याचिङ फण्ड)** | | **५,०००,०००** | | |
| १ | युवा स्वरोजगार कार्यक्रम (कार्यविधि बनाई कार्यान्वयन गर्ने) | | ४,०००,००० | |
| २ | अन्य दातृ संस्था तथा गैर सरकारी संस्थासंगको म्याचिङ | | १,०००,००० | |
| **आ.व. ०७५/७६ को भुक्तानी वांकी** | | **-** | **-** | |
| **संघीय सरकारबाट प्राप्त शर्सत तर्फको कार्यक्रम  (अनुसुचि ... मा विस्तृत विवरण रहेको छ )** | | **३१८,८००,०००** | **३१८,८००,०००** | |
| **सामाजिक सुरक्षा कार्यक्रम** | | **१५५,०००,०००** | **१५५,०००,०००** | |
| **कार्य सञ्चालन तथा सेवा खर्च** | | | | |
| **क** | **कार्यालय सञ्चालन चालु खर्च** | **१०९,०३५,०००** | | |
| **ख** | **पुँजिगत खर्च जम्मा** | **१२,५००,०००** | | |
| **जम्मा** | | **१,२३८,७१५,०००** | | |